**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE:25.07.2024**

***Lok Sabha Power***

देशमा विगत दस वर्षमा संस्थापित बिजुली उत्पादन क्षमतामा लगभग अस्सी प्रतिशत बृध्दि भएको छ। लोकसभामा आज एउटा लिखित उत्तरमा केन्द्रीय बिजुली राज्यमन्त्री श्रीपदनाइकले भन्नुभएको छ संस्थापित बिजुली उत्पादन क्षमता यो वर्ष जून महीनामा चार लाख छयालिस हजार एक सय नब्बे मेगावट भइसकेको छ। यो क्षमता मार्च 2014 मा दुई लाख अड्चालिस हजार पाँच सय चौवन्न मेगावाट थियो। श्री नाइकले भन्नुभयो कोयला आधारित संसथापित बिजुली उत्पादन क्षमता 2014 को एक लाख उन्चालिस हजार छ सय त्रिसाठी मेगावटदेखि बढ़ेर अब दुई लाख दस हजार नौं सय उनात्तर मेगावट भएको छ। नवीकरणीय क्षेत्रको संस्थापित क्षमता पचहत्तर हजार पाँच सय उन्नाइस मेगावटदेखि बढ़ेर एक लाख पञ्चानब्बे हजार तेह्र मेगावट भएको छ। श्री नाइकले भन्नुभयो भारत गैर जीवाश्म आधारित संस्थापित बिजुली उत्पादन क्षमता 2031-2032 सम्म पाँच लाख भन्दा अधिक बनाउन बचनबध्द छ। उहाँले भन्नुभयो पाँच लाख मेगावाटको नवीकरणीय ऊर्जा क्षमतालाई एकीकरण गर्नका लागि पोषण योजनालाई चरणवध्द तरीकाले कार्यान्वित गरिँदैछ।

***Advisory***

उत्तर सिक्किममा टुङ नागा ग्राम पञ्चायत इकाई अन्तर्गत नागा सार्वजनिक मैदानतर्फ सम्पर्क सड़क नजीकै नागा र रेल वार्डमा ठूलो पैहो गएकाले जन धनलाई खतरा हुने कुरोलाई ध्यानमा राखेर मंगन जिल्ला प्रशासनले आज एउटा परामर्श जारी गरेको छ। पैह्रोले गर्दा वरपर क्षेत्रका लगभग अठाइस घरहरू प्रभावित हुने सम्भावना छ। यसो हुँदा पैह्रोग्रस्त स्थलको माथिल्ला र तल्लो क्षेत्रमा वसोवासो गर्ने मानिसहरूलाई सतर्क रहने र मरम्मति कार्य पूरा नभएसम्म अथवा वर्षायाम समाप्त नभएसम्म मुसलधारे पानी पर्दा सुरक्षित स्थानमा सर्ने सल्लाह दिइएको छ।

***Minister Road & Bridges***

राज्यका सड़क तथा पुल विभागका मन्त्री श्री नरबहादुर दाहालले आज रेशीको रास्ट्रिय पनविजुली निगम एन.एच.पी.सी बाँध परिसर स्थित सुरूङ्गको भ्रमण गर्नुभयो। वाहनसाथै मानिसहरू आवातजावत् गर्ने सुरूङमा पानी चुहेर मानिसहरूले सामना गर्नुपरेका समस्याहरूको समाधान गर्नु भ्रमणको उद्देश्य थियो। मन्त्रीले सड़क तथा पुल विभाग र रास्ट्रिय पन विजुली निगम एन.एच.पी.सी समाञ्जस्य राखेर समस्याको शीघ्र समाधान गर्ने आदेश दिनुभएको छ। उहाँसित अन्य अधिकारीहरू वागेक रिञ्चेनपोङ निर्वाचन क्षेत्र विधायक श्री इरूङ तेञ्जिङ लेप्चा सोरेङका जिल्लाधीश श्री धीरड सुवेदी पनि जानुभएको थियो।

***Sikkim Academy Award***

युवा चित्रकार गान्तोकको सिच्छे निवासी सिवान राईलाई पहिलो सिक्किम अकादमी पुरस्तार 2024 ले सम्मानित गरिने भएको छ। सिक्किम अकादमीका अध्यक्ष श्री एस आर सुब्बा महासचिव श्री पूर्ण योञ्जन र सचिव (प्रशासन) श्री पी एल शर्माले आज गान्तोकमा आयोजित पत्रकार सम्मेलनमा यस्तो आशयको जानकारी दिनुभएको हो। अध्यक्ष श्री सुब्बाले बनाउनु भए अनुसार अकादमीले अब वर्षेनी भाषा, साहित्य, कला र सङ्गीत क्षेत्रमध्ये कुनै एउटा क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्तिलाई सिक्किम अकादमी पुरस्कारले अलंकृत गर्नेछ। पुरस्कारको रूपमा समृतिचिन्ह, अंगवस्त्र, तांगपत्र र एक लाख पाँच हतार रूपियाँ नगद राशि प्रदान गरिनेछ। सिक्किम अकादमाका भावी कार्यक्रमहरूवारे अवगत गराउँदै श्री सुब्बाले भन्नुभयो आगामी बाह्र अगस्तका दिन गान्तोकको मनन केन्द्रमा पहिलोपल्ट नेशनल लाइब्रेरियन डे पालन गरिनेछ। उहाँले भन्नुभयो विशेष गरी पाठशाला र महाविद्यालयहरूमा अध्ययनर विद्यार्थीहरूमा पुस्तकालयको महत्ववारे सचेतना ल्याउनु कार्यक्रम आयोजनाको उद्देश्य रहेको छ।

***IHCAE***

नाम्ची जिस्सा स्थित भारती साहसिक कथा पर्या पर्यटन केन्द्र चेम्चेको दस सदस्यीय टोलीले लद्दाखमा अवस्थित काङग्यात्से पर्वत-एक र दुईको अभियान पूरा गरेको छ। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गत दस जुलाईका दिन अभियान टोलीलाई प्रस्थान गराउनुभएको थियो। टोलीको नेतृत्व श्री राजीव राई र सुश्री शान्ती राईले गर्नुभयो। अभियान टोली बीस जुलाईमा अन्नपूर्ण बेस क्याम्पमा पुगेर एक्काइस जुलाईको विहन छ हजार चार सय मिटर अग्लो काङग्यातसे शिखर-1 मा पुग्न सफल भयो। त्यसपछि बाइस जुलाईमा काङग्यात्सो अभियानका निम्ति कोष राज्य सरकारले उपलब्ध गराएको थियो।

***Football***

बी सी रोय जुनियर नेशनल फुटबल च्याम्पियनशीप र जुनियर नेशनल गर्ल्स फुटबल च्याम्पियनशीपमा भाग लिन सिक्किमका जुनियर बोइस र जुनियर गर्ल्स टीम आज आसामको नवगाउँ र कर्णाटकको बेलगाम प्रस्थान गरेका छन्। उल्लेखनीय छ सिक्किमले पहिलोचोटि ठिटीहरूको जुनियर नेशनल च्याम्पियनशीपमा प्रतिस्पर्धा गरिरहेछ। राज्यको जुनियर गर्ल्स टीमले ग्रुप-डी मा भारतीय खेल प्राधिकरण मेघालय र मध्यप्रदेश विरूध्द खेल्नेछ। यसै गरी जुनियर बोइज टीम ग्रुप सी मा अरूणाचल प्रदेश, हिमाचल प्रदेश, आन्ध्रप्रदेश आसामसित भिड़नेछ।